केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/विविध/३७/०६७/६८ मितिः २०६७/०६/१९

सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

बिषयः खाता रोक्का/फुकुवा सम्बन्धी सूचना वेभसाइटमा राख्ने व्यवस्था गरिएको सम्बन्धमा।

महाशय,

उपरोक्त सम्बन्धमा नेपाल सरकार तथा अन्य अख्तियारप्राप्त निकायहरुबाट अनुरोध भए बमोजिम यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुमा रहेका व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुको खाता रोक्का/फुकुवा सम्बन्धी सूचना/निर्देशनलाई http://bfr.nrb.org.np/acstatus मा राखिने व्यवस्था गरिएकोले सो ठेगानामा उपलब्ध हुने सूचनालाई इजाजतपत्रप्राप्त संस्थाले संधैभरी अद्यावधिक गरी तत्काल कार्यवाही गर्नु/गराउनु पर्नेछ।

अबः उप्रान्त त्यस्ता सूचनाहरु चिठी/फ्याक्स आदिको माध्यमबाट जारी नगरिने हुनाले यस बैंकको वेभसाइटमा उपलब्ध हुने सूचनालाई आधिकारिक मानी कार्यवाही गर्नु हुन अनुरोध छ।

साथै, सो सूचना बैंक तथा वित्तीय संस्थाहरुले मात्र हेर्न सक्ने व्यवस्था गरिएको र त्यसको लागि इजाजतपत्रप्राप्त संस्थाहरुलाई पासवर्ड उपलब्ध गराइने भएकोले सम्बन्धित संस्थाले सम्पर्क व्यक्ति तोक्नुपर्ने तथा यस बैंकबाट यो सूचना हेर्न उपलब्ध गराइने पासवर्डको गोप्यता कायम राख्नु पर्नेछ। पासवर्डको गोप्यता कायम राख्ने सम्पर्क व्यक्तिलाई मात्र पासवर्ड उपलब्ध गराइने भएकोले संस्थाको इमेल ठेगाना सहित बैंक तथा वित्तीय संस्था नियमन विभागमा सम्पर्क गर्नुहुन समेत निर्णयानुसार अनुरोध छ।

भवदीय

(रामप्रसाद गौतम)
उप-निर्देशक

बोधार्थ :
१. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं।
३. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं।
४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं।